## १५) शिक्षक क्षमता विकास तालिम

यस शिर्षक अन्तर्गत रहेको बजेटबाट उत्तरगया गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका आधारभुत तह (कक्षा ६-८) र माध्यमिक तह (९-१०) का शिक्षकहरुलाई **गणित विज्ञान तथा अंग्रेजी** विषयको छोटो अवधीको तालिम संचालन गर्न आवश्यक प्रशिक्षक पारिश्रमिक, सहभागि खर्च ,स्टेशनरी, खाजा, खाना र आवास लगायतका प्रयोजनमा खर्च गर्न सकिनेछ

## १६) शिक्षक कर्मचारी परिचयपत्र छपाई तथा विविध

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको परिचयपत्र निर्माण तथा शिक्षा शाखाको काम कारवाहीमा भैपरी आउने अन्य आर्थिक समस्या अर्थात कुनै शिर्षकमा बजेट कम भई खर्च गर्न कठिन हुने तर खर्च नगरी नहुने ठहरीएमा वा कार्यक्रम कार्यान्वयनमा केहि रकम अपुग हुनगई सम्पन्न गर्न कठिनाई भएमा नपुग रकम यस शिर्षकबाट खर्च गर्न सकिने छ ।

## १७) बालविकास कक्षामा सिकाई सहजताको लागि चित्रात्मक वर्क बुक खरिद तथा वितरण

बालविकास कक्षामा अध्ययनरत विद्यार्थीहरुलाई सिकाई सहजताको लागि यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

## १८) अभिभावक शिक्षा कार्यक्रम

विद्यालयमा समाजको अपनत्व कायम गरी विद्यालय समाजकै लागि हो भन्ने भावनाको विकास गर्न। आफ्ना बालबालिकालाई विद्यालय पठाउने मात्रै नभई घरको वातावरण पनी सिकाई अनुकुल बनाउनका साथै विविध क्षमता विकासको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।उक्त अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक प्रशिक्षक भत्ता, सहभागि भत्ता, स्टेशनरी,खाजा, खानाबास लगायतका प्रयोजनमा शिर्षकमा विनियोजित बजेट खर्च गर्ने सकिनेछ ।

## १९) बालविकास सहजकर्ताको स्तरीकरण तथा व्यवस्थापन

सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ताहरुलाई विभिन्न सूचकहरुको आधारमा योग्यता मूल्यांकन गरी स्तरीकरण गर्न आवश्यक परीक्षा, कक्षा अवलोकन तथा स्तर मापनका लागि कार्यविधि निर्माण गर्न यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।

## २०) प्रधानाध्यापकहरुको लागि नेतृत्व विकास तालिम